# माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति, माघी पर्व, २०७९ को शुभकामना सन्देश

विभिन्न समुदायहरुद्वारा मनाउने माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति, माघी चाडको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण सुदूरपश्चिमेली र सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धार्मिक एवं सांस्कृतिक सम्पदाको रुपमा रहेको यस पर्व सुदूरपश्चिम प्रदेशमा धुमधामसँग मनाउने प्रचलन रही आएको छ । थारु समुदायमा माघी पर्वलाई नयाँ वर्षका रुपमा समेत धुमधामसँग मनाइन्छ । विशिष्ट मौलिक पर्वको रुपमा रहेको यस चाडमा गरिने स्नान, दान, पूजाअर्चना, मनोरञ्जन, आपसी सद्भाव, प्रेम र मिष्ठान्न भोजन विशेष रुपमा लोकप्रिय रहेको छ । यस चाडले सुदूरपश्चिम र नेपाली समाजको समग्र विविधताको वीचमा एकता र सद्भाव अभिवृद्धि गर्न उल्लेख्य योगदान पुऱ्याएको मैले विश्वास लिएको छु ।

अन्तमा, विभिन्न समुदायले मनाउने यो विशेष चाडले नवनिर्वाचित वर्तमान सुदूरपश्चिम प्रदेश सरकारलाई प्रदेशको नागरिकको मुहारमा खुशी र जीवनमा समृद्धि ल्याउने दिशामा केन्द्रित भई कार्य गर्न प्रेरणा मिल्नेछ भन्ने विश्वासका साथ सम्पूर्ण नेपाली नागरिक तथा देश विदेशमा रहनु भएका सुदूपश्चिमेली दिदीबहिनी र दाजुभाइको सुस्वास्थ्य, सुख र शान्तिको कामना गर्दछु ।

धन्यवाद ।

२०७९ माघ १ गते आइतबार